राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

विधेयकको नामः सहकारी (पहिलो संशोधन) विधेयक,२०८३

संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यहरू (दर्ताक्रमानुसार):

दर्ता नं.	संशोधन प्रस्तावकर्ता माननीय सदस्य	दर्ता नं.	संशोधन प्रस्तावकर्ता माननीय सदस्य
१	मा. प्रेम प्रसाद दंगाल, पदम बहादुर परियार, कमला पन्त, सम्झना देवकोटा, मिना सिंह रखाल, श्रीकृष्ण प्रसाद अधिकारी, विष्णु बहादुर विश्वकर्मा, राजेन्द्र लक्ष्मी गैरे, सावित्रि मल्ल, वासुदेव घिमिरे, गोमा देवी तिमिल्सीना		

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
१.	मा. प्रेम प्रसाद दंगाल समेत	२	(२)	(घ)	(१)(२)(३)	हटाई साविक मूल ऐनको व्यवस्था राख्ने
		२	(३)	(घ१)		हटाउने
		४	(१६क)	(३)(४)		झिक्ने
		४				प्रस्तावित दफा (१६क) को उपदफा (२) मा रहेको "एक वर्ष भित्र इजाजत लिनुपर्नेछ" भन्ने शब्दहरूको सट्टा "नौ महिनाभित्र इजाजतपत्र लिनुपर्नेछ र इजाजतपत्र प्राप्त नगरेसम्म नयाँ बचत संकलन गर्न पाइने छैन" भन्ने शब्दहरु राख्ने।
		४				प्रस्तावित (१६क) को उपदफा (६) पछि देहायको उपदफा (७) र उपदफा (८) थप्ने, "(७) र उपदफा (५) बमोजिम इजाजतपत्र निलम्बन भएमा प्राधिकरणले तत्काल सोको जानकारी सम्बन्धित संस्थाका सबै निक्षेपकर्तालाई दिनुपर्नेछ र निक्षेपकर्ताको हित संरक्षणको लागि आवश्यक अन्तरिम व्यवस्थापन खटाउन सक्नेछ ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						(८) उपदफा (१) बमोजिमका इजाजत प्रदान गर्दा प्राधिकरणले सञ्चालक, पदाधिकारी र प्रमुख कार्यकारी पदमा रहने व्यक्तिहरूको योग्यता र अनुभव (Fit and proper Test) सम्बन्धी मापदण्ड अनिवार्य रूपमा लागू गर्नेछ र कम्तिमा फौजदारी कसुरमा सजाय पाएको वा कुनै सहकारी संस्था समस्याग्रस्त घोषणा हुँदा त्यसको सञ्चालक रहेको व्यक्तिलाई योग्य मानिनेछैन।"
		४	(१६क)	(३) र(४)		<u>हटाई</u> क्रम सङ्ख्या मिलाउने
		९	(५०)	(२)		प्रस्तावित बेहोरा हटाई देहाय बमोजिमको प्रावधान राख्ने, <u>तर यो उपदफा प्रारम्भ हुँदाका बखत बचत तथा ऋणको कारोबार गरिरहेको केन्द्रीय संघ (नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.- नेफ्स्कुन) प्राधिकरणले तोकेको मापदण्ड पूरा गरी स्वीकृति लिई कारोबार गर्न सक्नेछ।</u>
		१४				दफा (१४) को सट्टा दिहायको दफा (१४) राख्ने , "२४ मूल ऐनको दफा (१०८ख) थपः मूल ऐनको दफा (१०८क) पछि देहाएको दफा (१०८ ख) र दफा (१०८ ग) थपिएको छः-

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						"१०८ ख संक्रमणकालीन राहत कोषको स्थापना (१) दफा (१०८ क)को परियोजनको लागि दफा (११२ क) बमोजिम दाबी गरेको समस्याग्रत सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि, दफा (१०८ ग) बमोजिमको निक्षेप बीमा कोष पूर्ण रूपमा सञ्चालनमा नआएसम्मको संक्रमणकालीन अवधिको लागि मात्र, नेपाल सरकारले व्यवस्थापन समितिमा एक संक्रमणकालीन राहत कोषको स्थापना गर्न सक्नेछ। यसरी स्थापना हुने राहत कोषबाट हुने भुक्तानी निम्न अवस्थामा मात्र सीमित हुनेछः- (क) प्राधिकरणले स्पष्ट रुपमा आफ्नो वैधानिक कर्तव्य पालना नगरेको वा नियमनमा हेलचेयक्याईं गरेको प्रमाणित भएमा वा (ख) दफा (११२ क) बमोजिम दाबी गरेका साना बचतकर्ताहरू, जुन न्यूनतम बचत सीमा भन्दा तल रहेका छन् ,तिनलाई मात्र । (२) उपदफा (१) बमोजिम भुक्तानी भएको रकम सम्बन्धित संस्था वा जिम्मेवार व्यक्तिबाट सम्पत्ति जफत वा बिक्री गरी अनिवार्य रूपमा असुल उपर गरिनेछ। राहत कोष दफा (१०८ ग) बमोजिमको निक्षेप बीमा कोष पूर्ण सञ्चालन आएको मितिले

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						स्वतः निष्क्रिय हुनेछ र सोपछि नवीकरण वा विनियोजन गरिनेछैन। (३) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः- (क) नेपाल सरकारबाट प्राप्त रकम, (ख) सम्बन्धित संस्थाबाट शोधभर्ना बापत फिर्ता भएको रकम, (ग) अन्य स्रोतबाट प्राप्त रकम, (४) उपदफा (३) बमोजिम प्राप्त हुने रकम व्यवस्थापन समितिले "क" वर्गको वाणिज्य बैंकमा कोषको छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ र सोको छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ। (५) कोषको खातामा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछैन। (६) कोषमा नेपाल सरकारबाट प्राप्त रकम छुट्टै आम्दानी तथा खर्चको छुट्टै अभिलेख राखी दफा १०८ को उपदफा (१) को खण्ड (क) को प्रयोजनमा मात्र खर्च गर्नुपर्नेछ। (७) व्यवस्थापन समितिले कोषमा नेपाल सरकारबाट प्राप्त रकम क्रमशः समस्याग्रस्त संस्थाको अधिकार क्षेत्रमा रहेका

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						ऋणीको चल अचल सम्पत्ति र अन्य स्रोतबाट असुली भई आएको रकमबाट क्रमशः शोधभर्ना गर्दै जानेछ। (८) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार मन्त्रिपरिषद्ले बनाएको कार्यविधि बमोजिम हुनेछ। त्यस्तो कार्यविधि कार्यान्वयन हुनु अघि अनिवार्य रुपमा संसदको सम्बन्धित समितिमा प्रस्तुत गर्नुपर्नेछ। (१०८ ग) निक्षेप बीमा कोषको स्थापना : (१) यस ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र प्रधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सबै सहकारी संस्थाहरुको अनिवार्य सदस्यता हुनेगरी जोखिममा आधारित प्रिमियम प्रणालीमा सञ्चालित स्वायत्त निक्षेप बीमा कोष स्थापना हुनेछ। (२)उपदफा (१) बमोजिमको कोषको प्रिमियम सम्बन्धित सहकारी संस्थाहरुले आफै तिर्नुपर्नेछ र सोको दायित्व नेपाल सरकारको साधारण कोषमा पर्नेछैन। (३) उपदफा (१) बमोजिमको कोष पूर्ण संचालनमा आएपछि दफा (१०८ ख) बमोजिमको संक्रमणकालिन राहत कोषले नयाँ दाबी ग्रहण गर्न पाइनेछैन र सोको बाँकी रहेको दायित्व क्रमशः निक्षेप बीमा कोषमा हस्तान्तरण गरिनेछ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						(४) निक्षेप बीमा कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार मन्त्रिपरिषद्ले बनाएको कार्यविधि बमोजिम हुनेछ। त्यस्तो कार्यविधि कार्यान्वयन हुनु अघि अनिवार्य रुपमा संसद्को सम्बन्धित समितिमा प्रस्तुत गर्नुपर्नेछ।"
		१६				प्रस्तावित दफा ९७ को उपदफा (४) मा रहेको "तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरू पश्चात "तर त्यसरी तोक्ने नियम वा मापदण्ड संसदको सम्बन्धित समितिमा पेश गरी सोको स्वीकृति लिनुपर्नेछ।"
		१७	(१०१)			उपखण्ड ३ थप्ने, निक्षेप तथा सुरक्षण कोषको सहकारी तर्फको सुरक्षणको लागि नेपाल सरकारले १० अर्ब बिउ पुँजी प्रदान गर्नेछ र सो बिउ पुँजी सहकारीबाट प्रिमियम संकलन भएपछि फिर्ता गरिनेछ।
		१९				दफा १९ मा दिहायको खण्ड (४) थप्ने, "(४) उपदफा (२क) पछि देहायको उपदफा (२ख) थप्ने, " (२ख) प्राधिकरणको अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई सोको कार्यकाल पूरा नभएसम्म अनुचित प्रभाव वा राजनीतिक हस्तक्षेप बिना कुनै कसुर वा भ्रष्टाचार प्रमाणित नभएसम्म पदबाट हटाउन सकिनेछैन र निजहरुले आफ्नो वा

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						परिवारको स्वार्थ बाझिने कुनै सहकारी संस्था सम्बन्धी निर्णय प्रक्रियाबाट अलग रहनुपर्नेछ(Recusal)"
		२०	(१०३ज)	(२छ)		कारोबार शब्दपछि "लेनदेन र दुरुपयोगमा संलग्न" भन्ने वाक्यांश थप गर्ने, सम्बन्धित अन्य व्यक्तिको भन्ने शब्दावलीको सट्टामा "निजको परिवारका सदस्यको" भन्ने व्याख्यांश थप गर्ने र "लगाउने" भन्ने शब्दको सट्टामा "लगाउन सक्नेछ" भन्ने शब्द थप गर्ने ।
		२०	(१०३ज)	(२ज)		"कायम गरी" भन्ने शब्द शब्द हटाई "ठहर भएमा" शब्द राख्ने ।
		२१	(१०४)	(१ख)		"हिनामिना" शब्दपछि "लेनदेन" र देखिएका पछि "पूर्व सञ्चालक तथा" शब्दहरू थप्ने ।
		२२				प्रस्तावित खण्ड ३ मा प्रस्ताव गरिएको खण्ड (त) पछि देहायको खण्ड (थ) थप्ने, " (थ) सहकारी संस्थाको कुनै सदस्य वा कर्मचारी वा सदस्यले असल नियतले भ्रष्टाचार, अनियमितता वा कोषको दुरुपयोग सम्बन्धी सूचना दिएमा त्यस्तो व्यक्तिको पहिचान गोप्य राखिनेछ र निजलाई सेवाबाट हटाउने, कारबाही गर्ने वा अन्य कुनै प्रतिकूल असर पुऱ्याउन पाइने छैन।"

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
		२२	(१०६)	(१)		"नातेदार" भन्ने शब्द हटाउने
		२२	(१०६)	(२)		"नातेदार" भन्ने शब्द हटाउने

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क्र.सं. १ को संशोधन प्रस्ताव छलफलका लागि स्वीकृत।

.....

(नारायण प्रसाद दाहाल)

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८३।०३।२३